त्रिभुवन विश्वविद्यालय

त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

# Plagiarism सम्वन्धि सुचना !!!

. प्लेजारिजम परीक्षणमा स्वीकार गर्न सकिने अवस्थाः (१) अन्य स्रोतसँग मिल्न गएमा प्लेजारिजम परीक्षण स्वीकार गर्न सकिने अवस्था देहायबमोजिम हुनेछ ।

(क) विद्यावारिधि तहका हकमा शोधपत्रमा समग्रमा समानता सूची १० प्रतिशतसम्म,

(ख) दर्शनाचार्य तहका हकमा शोधपत्रमा समग्रमा समानता सूची १५ प्रतिशतसम्म,

(ग) स्नातकोत्तर तहका हकमा शोधपत्रमा समग्रमा समानता सूची २० प्रतिशतसम्म,

(घ) लघु अनुसन्धानको हकमा अनुसन्धानमा समग्रमा समानता सूचि १५ प्रतिशत सम्म,

Tel.: 4331838, E-mail: chief.ec@tu.edu.np, info.ec@tu.edu.np, P.O.Box No. 8212

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.:

(ङ) अन्य अनुसन्धानको हकमा अनुसन्धानमा समग्रमा समानता सूचि १० प्रतिशत सम्म,

(च) अनुसन्धानात्मक लेख रचनाको हकमा समग्रमा १५ प्रतिशत वा सम्बन्धित संस्था, सम्पादक वा प्रकाशकले तोकेबमोजिम

(२) उपविनियम (१) बाहेक अन्य तहमा सम्बन्धित अध्ययन संस्थान/सङ्काय तथा सम्बन्धित संस्थाले परीक्षणका मापदण्ड तोक्न सक्नेछन्।

. **समकक्षताका लागि व्यवस्था:** अन्य विश्वविद्यालयबाट उपाधि प्राप्त गरी समकक्षताका लागि आवेदन दिने व्यक्तिहरूको हकमा देहायबमोजिम हुनेछ।

(क) विश्वविद्यालयको स्तर (World University Ranking) मा १ देखि ५०० सम्म स्तर भएका विश्वविद्यालयबाट उपाधि प्राप्त व्यक्तिहरूको शोधपत्र वा रिपोर्टको प्लेजारिजम परीक्षण गरिने छैन। निजहरूको अन्य सबै प्रक्रिया पुगेको अवस्थामा शोधपत्रको प्लेजारिम परीक्षण नगरी समकक्षता प्रदान गरिनेछ। यसका लागि Times Higher Education को पछिल्लो Ranking लाई आधार बनाइनेछ।

(ख) नेपालका अन्य विश्वविद्यालय वा त्रिभुवन विश्वविद्यालयसँग समझदारीपत्रमा हस्ताक्षर भएका कुनै विश्वविद्यालयको मापदण्ड त्रिभुवन विश्वविद्यालयले तोकेकोभन्दा फरक रहेछ र सोही विश्वविद्यालयले प्लेजारिजम परीक्षण गरेको रहेछ भने सोही विश्वविद्यालयको मापदण्डको आधारमा समकक्षता प्रदान गरिनेछ।

(ग) समकक्षताका निमित्त प्लेजारिजम परीक्षण गर्ने यो प्रावधान त्रिभुवन विश्वविद्यालय एण्टी प्लेजारिजम सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७८ लागु भएको मिति २०७८/१०/२६ पछि प्राप्त उपाधिका शोधपत्र वा रिपोर्टमा लागु हुनेछ।

(घ) खण्ड (क) र (ख) बाहेकका उपाधि प्राप्त गरेकाहरूको हकमा समकक्षता प्रदान गर्नुपूर्व अनिवार्य रुपमा प्लेजारिजम परीक्षण गरिनेछ।

(ङ) खण्ड (घ) बमोजिम परीक्षण गर्दा विनियम १२ बमोजिमको समानता सूचि भएका शोधपत्रलाई स्वीकारयोग्य मानी समकक्षता प्रदान गरिनेछ।

(च) खण्ड (ङ) मा जुनसुकै कुरा लेखिएको भए तापनि विनियम १२ मा तोकिएभन्दा १० प्रतिशतसम्म बढी समानता सूचि भएका शोधपत्रको हकमा एक समिति बनाई छानबिन गरिनेछ। समितिले समकक्षता प्रदान गर्न उपयुक्त हुने राय दिएमा स्वीकार गरी समकक्षता प्रदान गर्न सकिनेछ।

Tel.: 4331838, E-mail: chief.ec@tu.edu.np, info.ec@tu.edu.np, P.O.Box No. 8212